सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः ३, संख्याः ६ , भागः २

**सिलीचोङ गाउँपालिका**

**ताम्कु सङ्खुवासभा।**

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

## सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको विद्यालय कर्मचारीहरूको अतिरिक्त सुविधा सम्बन्धी कार्यविधि २०७६

स्विकृत मितिः-२०७६।०९।२४

**प्रस्तावना :**

विद्यालयलाई शिक्षाको केन्द्र विन्दु बनाई प्रभावकारी शिक्षण सिकाइ तथा सिकाइ उपलब्धि वृद्धि गर्न गुणस्तरीय शिक्षा प्रदान गर्न, शिक्षामा सबैको पहुँच पुर्‍याउन वालवालिकालाई बेलैमा विद्यालय भर्ना गरी विद्यालय प्रति आकर्षित पार्ने, विद्यालयलाई व्यवस्थित रूपले सञ्चालन गर्न नेपाल सरकारले कतिपय विद्यालयमा वाल शिक्षिका, माध्यमिक तहमा लेखापाल तथा सबै विद्यालयमा विद्यालय सहयोगीको व्यवस्था गरेको छ।

शक्षा क्षेत्रमा नेपाल सरकार र एस.एस.डि.पि को सोध भर्ना अनुदान वित्तीय हस्तान्तरण भई रहेको अवस्थामा ती कर्मचारीहरूको पारिश्रमिक तपशिल बमोजिम मासिक तलब मान कायम भई वितरण हुँदै आएको छ

**तपशिल**

| क.स | तह | पद | तलब मान | कैफियत |
|---|---|---|---|---|
| १ | बालकक्षा | बाल शिक्षिका | ६००० | |
| २ | आधारभूत(१-३) | विद्यालय सहयोगी | ४००० | |
| ३ | आधारभूत (१-५) | विद्यालय सहयोगी | ४५०० | |
| ४ | आधारभूत (१-८) | विद्यालय सहयोगी | ७५०० | |
| ५ | माध्यमिक | विद्यालय सहयोगी | ७५०० | |
| ७ | माध्यमिक | लेखापाल | ११५०० | |

शिक्षा ऐन २०२८, आठौ संशोधनले प्रारम्भिक वाल विकासलाई पनि विद्यालयसँग नै गाभिसकेको अवस्थामा वाल शिक्षिकाको समयावधि अन्य कर्मचारी सरह विद्यालयमा खट्नु परेको छ । यसको अलावा विद्यालयमा अन्य कार्यमा समेत खटि रहेका छन् । उदाहरणको रूपमा श्री जनजागृति आधारभूत विद्यालय सिलिचोङ गा.पा. वडा नं. ४ मांतेवामा १ बाल शिक्षिका र १ विद्यालय सहयोगीले कक्षा १ देखि कक्षा ३ सम्म सञ्चालन गरिरहेका छन् । विद्यालय सहयोगी, लेखापालहरूले आफ्नो जिम्मेवारीकासाथ अध्यापन कार्यमा समेत खटी रहेका छन् ।

यो अवस्था उपर्युक्त तलबमान ज्यादै न्यून रहेको छ । नेपालको संविधानको धारा ३४ को उपधारा (२) मा “प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ ।” यसलाई कार्यान्वयन गर्ने क्रममा श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र श्रम नियमावली २०७५ जारी भई लागु समेत भईसकेको छ । प्रारम्भिक बालविकास केन्द्रको राष्टि«य न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को प्रथम संशोधन, २०७५, राष्टि«य शिक्षा नीति २०७६ को बुँदा नं. २ साथै अन्तर्राष्टि«य श्रम संगठन (ILO) 169 ले निर्दिष्ट गरे बमोजिम मजदुरहरूको मन्त्रालयले न्यूनतम ज्याला मासिक रू.१३४५०।- कायम गरिसकेको अवस्थामा आ.व. २०७६।७७ को बजेटले अन्य सरकारी कर्मचारीहरूको तलब वृद्धि गरेको तर विद्यालयका उल्लेखित कर्मचारीहरूको केहीं पनि संवोधन नगरिएकोले सिलिचोङ गाउँपालिकाको आ.व. २०७६।७७ बाट उल्लेखित कर्मचारीहरूको हाल खाइपाई आएको केहीं प्रतिशत अतिरिक्त सुविधा दिन तिनै नीतिगत आधारमा कार्यान्वयन गर्न आवश्यक देखिएकोले सिलिचोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो कार्य विधि जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम विद्यालय कर्मचारीहरूको अतिरिक्त सुविधा सम्बन्धी कार्यविधि २०७६ रहेको छ ।

(ख) कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा ‘विद्यालय कर्मचारी’ भन्नाले शिक्षक बाहेकका विद्यालयमा काम गर्ने बाल शिक्षिका, विद्यालय सहयोगी, लेखापाल तथा अन्य कर्मचारीहरू बुझिनेछ ।

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

३. अतिरिक्त सुविधा रकम र भुक्तानी सुरू मितिः

(क) खाइपाइ आएको तलवको देहाय बमोजिम दफा ४ खण्ड (ग) मूल्याङ्कनका आधारमा चौमासिक रूपमा अतिरिक्त सुविधा उपलब्ध गराइनेछ :

- मा.वि लेखापाल, नि.मा.वि. र मा.वि सहयोगी ३० प्रतिशत
- बाल शिक्षिका ४० प्रतिशत
- आ.वि (१-५) र (१-३) सहयोगी ५० प्रतिशत

(ख) यस कार्य विधि अनुसारको अतिरिक्त सुविधा २०७६ साउन १ गतेदेखि प्रदान गरिनेछ ।

४. मूल्याङ्कनको विधिः

(क) विद्यालय कर्मचारीले विद्यालयमा अतिरिक्त समय काम गरको, सो पदको जिम्मेवारी भन्दा अतिरिक्त जिम्मेवारी वहन गरेको जस्ता विषयहरूलाई आधार मानी उप दफा (ख) बमोजिमका पदाधिकारीहरूले मासिक रूपमा अनुसूची १ बमोजिम मूल्याङ्कन गरिनेछ ।

(ख) मूल्याङ्कन गर्ने पदाधिकारीहरूः

- विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- ५० प्रतिशत
- विद्यालय प्रधानाध्यपक-५० प्रतिशत

(ग) खण्ड (ख) का पदाधिकारीहरूको देहायका मूल्याङ्कनका आधारमा अतिरिक्त सुविधा पाउने छन्ः

- कूल मूल्याङ्कन अंक ८० भन्दा माथि भएमा दफा ३ को खण्ड (क) मा उल्लेख गरिए बमोजिमलाई सतप्रतिशत मानी त्यसको सतप्रतिशत
- कूल मूल्याङ्कन अंक ८० भन्दा कम भएमा दफा ३ को खण्ड (क) मा उल्लेख गरिए बमोजिमलाई सतप्रतिशत मानी त्यसको ५० प्रतिशत मात्र
- कूल मूल्याङ्कन अंक ५० भन्दा कम भएमा दफा ३ को खण्ड (क) मा उल्लेख गरिए बमोजिमलाई सतप्रतिशत मानी त्यसको २० प्रतिशत मात्र

५. खारेजी र बचाउः हालसम्म भुक्तानी भएका सबै प्रकारका अतिरिक्त सुविधा यसै कार्य विधि बमोजिम भुक्तानी भएको मानिनेछ र उचित तलब कायम भई आएमा स्वतः खारेज हुनेछ ।

सिलीचोङ गाउँकार्यपालिकाको कार्यालय

**अनुसूची १**

दफा ४ को उपदफा (क) बमोजिमको मूल्याङ्कन फारम

कर्मचारीको नामः पदः

स्थायी ठेगानाः सम्पर्क नम्बरः

आर्थिक वर्षः मूल्याङ्कन गरिएको महिनाः

विद्यालयको नामः विद्यालयको छापः

विद्यालयको ठेगानाः

| क्र.स | मूल्याङ्कन कर्ताको नाम | मूल्याङ्कन कर्ताको पद | मूल्याङ्कन अङ्कभार | प्रदान गरेको अङ्क | मूल्याङ्कन कर्ताको दस्तखत |
|---|---|---|---|---|---|
| १ | | वि.व्य.स अध्यक्ष | ५० | | |
| २ | | प्रधानाध्यपक | ५० | | |

**आज्ञाले,**

रामराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय